नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार, काठमाडौं

फोन ४२००५०५, ४२००२१९, ४२००३०६
फ्याक्स नं.: ४२००३२२

पत्र संख्याः-

चलानी नं.:-

## प्रेस विज्ञप्ती

आज मिति २०८१/०५/०६ गतेका दिन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले एक विशेष कार्यक्रमको आयोजना गरी आ.व.२०७९/०८० को स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याङ्कनको गुणस्तर परीक्षण पश्चातको प्रतिवेदन सार्वजनिक गरेको छ । कार्यक्रम सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव श्री भरतमणी सुवेदीको अध्यक्षतामा सम्पन्न भएको थियो । कार्यक्रममा काठमाडौं उपत्यका भित्रका नगरप्रमुख तथा प्रतिनिधि, जिल्ला समन्वय समिति महासंघ, नेपाल नगरपालिका संघ र गाउँपालिका राष्ट्रिय महासंघका अध्यक्ष तथा प्रतिनिधिको उपस्थिति रहेको थियो । यसै गरी प्रधानमन्त्री कार्यालय, अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको पनि प्रतिनिधित्व रहेको कार्यक्रममा मन्त्रालयका महाशाखा प्रमुख, शाखा प्रमुख लगायत सम्पूर्ण कर्मचारीहरुको उपस्थिति रहेको थियो । कार्यक्रममा मन्त्रालयका सहसचिव एवं सङ्घीय मामिला महाशाखा प्रमुख श्री सुमन दाहालले कार्यक्रमको उद्देश्य माथी प्रकाश पार्नु भएको थियो । यसै गरी मन्त्रालयका उपसचिव एवं स्थानीय तह समन्वय शाखा प्रमुख श्री रेशम कँडेलले प्रतिवेदनको सार संक्षेप प्रस्तुत गर्नु भएको थियो। मन्त्रालयका सचिव श्री भरतमणि सुवेदीले गुणस्तर परिक्षण पश्चातको प्रतिवेदन सार्वजनिक गर्दै उच्चतम अंक प्राप्त गर्ने तीन/तीन वटा गाउँपालिका र नगरपालिकाको नाम समेत सार्वजनिक गर्नुभएको थियो । नगरपालिकाहरु मध्ये क्रमश प्रथम, द्वितीय र तृतीय स्थान हासिल गरेका नीलकण्ठ नगरपालिका धादिङ, तिलोत्तमा नगरपालिका रुपन्देही, र रत्ननगर नगरपालिका चितवन एवं गाउँपालिकाहरु मध्ये प्रथम स्थान हासिल गर्ने वेनिघाट रोराङ गाउँपालिका धादिङ र समान अङ्क प्राप्त गरी द्वितीय स्थान हासिल गरेका रुरुक्षेत्र गाउँपालिका गुल्मी र ईन्द्रावती गाउँपालिका सिन्धुपाल्चोकलाई मन्त्रालयको तर्फबाट प्रसंशा-पत्र सहित सम्मान गरिएको थियो ।

उच्चतम अङ्क हासिल गरी प्रथम स्थान हासिल गर्ने गाउँपालिका र नगरपालिकाले स्वमूल्याङ्कनको विषयमा आ-आफ्ना अनुभव तथा सिकाईहरु आदान प्रदान गरेका थिए । कार्यक्रममा स्थानीय तह संघ/महासंघका अध्यक्ष तथा प्रतिनिधिको तर्फबाट उच्चतम अङ्क प्राप्त गर्ने स्थानीय तहलाई बधाई तथा शुभकामना व्यक्त गरिएको थियो । कार्यक्रमको समापनको क्रममा श्रीमान् सचिवज्यूले स्वमूल्याङ्कन प्रकृयामा सहभागी सम्पूर्ण स्थानीय तहलाई धन्यवाद तथा वधाई व्यक्त गर्दै स्थानीय तहहरुले संस्थागत क्षमता स्वमूल्याङ्कन मार्फत शासकीय अभ्यासमा देखाएको अग्रसरताले सार्वजनिक सेवा प्रवाह, सामाजिक न्याय र सुशासनमा थप टेवा पुग्ने विश्वास व्यक्त गर्नु भयो । नागरिकको नजिकमा रहि राज्यको शासकीय ईकाईको रुपमा अभ्यास गरिरहेका स्थानीय तहले संस्थागत क्षमताको स्वमूल्याङ्कन गरी प्राप्त नतिजालाई वस्तुनिष्ठ बनाउँदै आफुलाई सुधार र परिस्कृत हुन सहयोग पुग्ने कुरा व्यक्त गर्नुभयो । स्थानीय सरकारको कार्यसम्पादनलाई नतिजामुखी बनाउनको लागि मन्त्रालयले केन्द्र सरकार र स्थानीय तहबीच प्रभावकारी समन्वय र सहकार्यको वातावरण निर्माण गर्न मन्त्रालय सदैव क्रियाशिल रहने बताउनु भयो । स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याङ्कन आ.व.२०७६/०७७ बाट शुरु गरिएको भएतापनि मन्त्रालयले पहिलो पटक गुणस्तर परीक्षण गरी प्रतिवेदन सार्वजनिक गरेको छ ।

मितिः २०८१/०५/०६
ने.सं.११४४गुंलागा तृतिय

काली प्रसाद पराजुली
प्रवक्ता
सहसचिव